107432

च.नं. : 1436-JBBL-Legal-077/78

मिति २०७७/०९/२०

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाडौं ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस ज्योति विकास बैंक लिमिटेडको मिति २०७७/०९/१९ गते आईतवार, विहान ११ बजे देखी बसेको सञ्चालक समितिको ३७८ औं बैठकको निर्णय अनुसार मिति २०७७/१०/१४ गते हुने तेह्रौं बार्षिक साधारण सभा सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको व्यहोरा अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७७ साल माघ १४ गते बुधबार (तदनुसार २७ जनवरी, २०२१)
समय : विहान ११:०० बजे ।
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब भद्रकाली, काठमाडौं ।

(कोरोना भाईरस (कोभिड-१९) को महामारीको जोखिमका कारण शेयरधनी महानुभावहरुलाई साधारण सभामा उपस्थितिका लागि अनलाईन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुन सक्ने गरी व्यवस्था गरीएकोले भर्चुअल माध्यमबाट समेत उपस्थित भई दिनुहुन अनुरोध गर्दछौ । )

छलफलका विषयहरु:

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०७७ आषाढ मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको लेखा परिक्षक टि.आर. उपाध्याय एण्ड कम्पनी पुनः नियुक्तिको लागि योग्य रहेको छ ।)

(४) विकास बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

**(ख) बिशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको १० प्रतिशतले हुन आउने जम्मा रु.३४,९५,२९,३४४।- (अक्षरेपी चौतिस करोड पन्चान्नब्बे लाख उनन्तिस हजार तिन सय चौवालिस मात्र) रकम बराबरको बोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । साथै बोनस शेयर जारी पश्चात कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

(२) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्ने (Merger) वा प्राप्ति ( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) यस विकास बैकको हाल संस्थापक समुहको शेयर स्वामित्व ५४.३५ प्रतिशत रहेकोमा संस्थापक समुहको शेयर स्वामित्व ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्न स्वीकृती प्रदान गर्ने ।

(४) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालयको ठेगाना परिवर्तन गर्ने ।

(५) उपरोक्त उल्लिखित विषयहरुका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

भवदीय,

.......................
पारस राज कंडेल
कम्पनी सचिव

**बोधार्थ :**
श्री एनआइबिएल एस क्यापिटल,
लाजिम्पाट, काठमाडौं ।

**संलग्न**
मिति २०७७०९।२० गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित साधारण सभा सम्बन्धी सूचनाको प्रतिलिपि ।

